मधेशको पहिलो "क" वर्गको राष्ट्रिय दैनिक

छिटो र सर्वाधिक बिक्री हुने

www.janakpurtoday.com.np

जनकपुर टुडे

Janakpur Today Daily

वर्ष ११ अंक ६५ २०६८ साल साउन ८ आइतवार (24July 2011) पृष्ठ ४ मुल्य रू. २।-

एहि तिथि २०६८/४/२१ गते शनि दिन रामानन्द युवा क्लवक वार्षिक साधारण सभा होबS जा रहल अछि। एहि साधारण सभामे नयाँ कार्यसमितिक गठन सम्बन्धमे छलफलक संगहि पुस्तक विमोचन तथा आय-व्ययक विवरण प्रस्तुत हएत, तँए एहि साधारण सभामे क्लवक सम्पूर्ण सदस्यजी सभ सँ अनिवार्य उपस्थितक लेल हार्दिक आग्रह करैत छी।

स्थान: क्लवक सभाकक्ष
समय: भोरे ८:०० बजे

ब्राम्हण समाजमा सर्वसम्मतले नेतृत्व चयन

टुडे समाचारदाता

जनकपुरधाम , ७ साउन। मैथिल ब्राम्हण समाजको केन्द्रिय अध्यक्षमा पवन कुमार झा निर्वाचित भएका छन्। संस्थापक अध्यक्ष रहेका उनी अर्को कार्यकालका लागि सर्वसम्मत अध्यक्ष पदमा निर्वाचित भएका हुन्।

शुक्रबार र शनिबार गरी दुइदिनसम्म जनकपुरमा चलेको ब्राम्हण समाजको महाधिवेशनबाट उपाध्यक्ष र महासचिबमा पनि पहिलाकै पदाधिकारी यथावत् र राखिएको छ। उपाध्यक्ष पदमा सदाशिव मिश्र र महासचिबमा नवीन कुमार मिश्र चयन भएका छन्। त्यसै गरी सचिबमा बिप्पीन कुमार झा , कोषाध्यक्षमा धिरेन्द्र कुमार झा र सहकोषाध्यक्षमा नरेन्द्र कुमार झा सर्वसम्मतीबाट चयन भएको समाजले जनाएकोछ। केन्द्रिय सदस्यहरुमा प्रमोदानन्द झा , मनोज कुमार झा, राकेश कुमार झा, जिवकान्त झा, सूर्यकान्त झा, राघबेन्द्र मिश्र, आमोद कुमार झा, परमेश कुमार झा, कौशलेन्द्र मिश्र, लक्ष्मीकान्त झा, राजकिसोर झा, महन्थ झा, विद्या मिश्र, रुका मिश्र, काशीकान्त झा रहेका छन्। शनिबार नै चयन गरिएको युवा समाजको अध्यक्षमा सुमनकान्त ठाकुर चयन भएका छन। शुक्रबार उपराष्ट्रपति परमानन्द झाले उद्घाटन गरेको समाजको महाधिवेशनमा शनिबार बिहान बन्द सत्र भएको थियो।

तीनको अवस्था गंभीर

टुडे समाचारदाता

जनकपुरधाम , ७ साउन। धनुषाको लालगढमा टेम्पु दुर्घटना हुदा ३ जना गम्भिर घाइते भएका छन्। दुर्घटनामा अन्य ९ जना समान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। गम्भिर घाइतेहरुमा तुलसी ४ बस्ने वर्ष ३५ की मनमाया माझी , ४५ वर्षिय फत्त बहादुर कार्की र सोही गाविस वडा नं २ बस्ने वर्ष ४५ की जानकी माझी र हेकि छिन्। टाउकोमा गम्भिर चोट लागेका तीनै जनाको उपचार बर्दीबासस्थित होपा क्लिनिकमा भइरहेको प्रहरी कार्यालयले जनाएको हो। अन्य ९ जना समान्य उपचार गराइ घर फर्किएका छन्।

शनिबार बिहान बर्दिबासबाट ढल्केबर तर्फ आउदै गरेको ज १ ह १८८ नम्बरको टेम्पु लालगढ कुष्ठरोग अस्पताल अगाडी दुर्घटना ग्रस्त भएको हो। प्रहरीका अनुसार तिब्र वेगमा रहेको टेम्पु ओरालोमा ब्रेक लाग्न नसक्दा दुर्घटना भएको हो। टेम्पु चालक प्रहरीको नियन्त्रणमा रहेको छ।

मण्डल हत्याको अभियुक्तलाई पक्राउ गर्न माग

टुडे समाचारदाता

जनकपुरधाम , ७ साउन। नेपाली काँग्रेसले पार्टीका क्रियाशील सदस्य राम एकबाल मण्डलको हत्यामा संलग्न अपराधिलाइ पक्राउ गरी कारबाहीको माग गरेकोछ। नेपाली काँग्रेस धनुषाले शनिबार जारी गरेको विज्ञप्तिमा मण्डल काँग्रेस धनुषाका क्रियाशील सदस्य रहेको स्पष्ट गर्दै उनको हत्यामा अपराधिलाइ कानूनी दायरामा ल्याउन माग गरेकोछ। मण्डल फोरम गणतान्त्रिकका कार्यकर्ता रहेको दाबी भइरहदा काग्रेस धनुषाका सचिब कोमलकान्त झाले मण्डल नेपाली काँग्रेसको क्रियाशील सदस्य रहेको र उनको सदस्यता नं २००६०६०७००३ रहेको स्पष्ट गरेका छन्।

नेकाँ धनुषाले शान्ति पूर्ण रुपमा भइरहेको भेलामा एमाले कार्यकर्ता सुशील साहको नेतृत्वमा गोली चलाइएको आरोप लगाउँदै घटनाको भर्त्सना गरेको छ। यसैबीच नेकाँका केन्द्रिय सदस्य बिमलेन्द्र निधिले जारी गरेको छुट्टै विज्ञप्तिमा घटनाको भर्त्सना गर्दै दोषीमाथि कारबाही गर्न माग गरेकाछन। उनले मृतक मण्डलको चीरशान्तिको कामनागर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेकाछन

मृतक मण्डल फोरम गणतान्त्रिकका कार्यकर्ता भएको दाबीगर्दै अध्यक्ष जयप्रकाश प्रसाद गुप्ताले जारी गरेको शोक व्यक्तव्यमा हत्यामा संलग्न प्रमुख व्यक्ति सुशिल साहलाइ एमालेको उच्चतहका नेताहरुबाट संरक्षण दिने कार्यको निन्दा गरेकाछन।एसएमएसबाट पठाइएको शोकसन्देशमा उनले हत्यामा संलग्न साहलाइ तात्काल पक्राउगरि कार्वाही गर्न मागगर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गरेकाछन। मृतक मण्डल नेपाली काँग्रेसले आफ्नो सदस्य र फोरम गणतान्त्रिकले आफ्नो सदस्य भएको दाबी गर्दै आएकाछन।मण्डललाइ शुक्रबार विद्यालय व्यवस्थापन समिति चयनका लागि भएको भेलामा साहले गोली प्रहारगरि हत्या गरेको आरोप लगाइएकोछ

यता नेकपा एमाले धनुषाले घटनाको छानबीन गरी दोषीमाथि कारबाहीको माँग गरेको छ। एमाले धनुषाका सचिब राजकिशोर यादबले शनिबार बिज्ञप्ती जारी गरी राजनीतिक आस्थाको आधारमा एमाले पार्टी र कार्यकर्तालाइ घटनामा फसाउने प्रयास भइरहेको बताएका छन्। उनले सो घटनालाइ लिएर एमालेका नेता तथा कार्यकर्ताको घरमा तोडफोड गरिएको प्रति आपत्ति जनाएकाछन।

युवकको अपहरण

टुडे समाचारदाता

जनकपुरधाम, ७ साउन।धुनुषाको बरमझियाबाट एक युवाको अपहरण भएको छ। धनुषाको बरमझिया वडा नं. १ जयनगर टोल बस्ने राम अशेशवर यादवको २० वर्षीय छोरा सञ्जय भन्ने कृष्ण कुमार यादवको अपहरण भएको हो। आफनै घरमा सुतिरहेको यादवको शनिबार बिहान ४ बजे तिर ८/१० जनाको समूहमा आएको अज्ञात हतियारधारीहरुले अपहरण गरेको बरमझिया प्रहरी चौकीले जनाएको छ। अपहरित यादवको खोजी कार्य भईरहेको बरमझिया प्रहरीचौकीले जनाएको छ। यता यादवको अपहरण को र किन गरेको सम्बन्धमा अहिलेसम्म खुल्न सकेको छैन।

तलब बृद्धि रेलवेलाइ थप आर्थिक भार

टुडे समाचारदाता

जनकपुरधाम, ७ साउन। जर्जरअवस्थामा रहेको नेपालको एकमात्र रेलमाथि आर्थिक भार थपिएको छ।

आर्थिक वर्ष २०६८/०६९ को बजेटले कर्मचारीहरुको तलब अधिकतम ४३ प्रतिशतसम्म वृद्धि गरेपछि रेलको आर्थिक भार थपिएको हो। रेलवे कार्यालय जनकपुरका अनुसार रेलवेको महिनाको खर्च ३० लाखसम्म बढेको छ

यसअघि १ सय ७० कर्मचारी र इन्धनवापत रेलवेले प्रत्येक महिना झण्डै २६ लाख रुपैया खर्च व्यहोर्नु परेको थियो। तर, चालु आर्थिक वर्षमा कर्मचारीहरुको तलबवृद्धि पछि रेलवेको आर्थिक भार थपिन् गएको रेलवे व्यवस्थापनले बताए। रेलवेको आर्थिक मार थपिदै गएपनि आम्दानी भने दिनानुदिन कम हुदै गएको छ। दैनिक ६० हजार बढी आम्दानी गर्ने रेलको हालको आम्दानी २० हजारमा सीमित भएको हो।

साउन महिनाको सुरुको पांच दिनको तथ्यांक अनुसार एक दिन ठप्प भएको दिन सामानबाट ९ हजार गरी करिब ८० हजार आम्दानी गरेको रेलवे टूफिक व्यवस्थापन कार्यालयले जनाए। सरकारले कर्मचारीको बृद्धि गरेको तलब थपगरि रेलवेको बजेट दिनुपर्ने माग गरिएकोछ।बजेट नथपिए कर्मचारीहरुको तलब र रेल सञ्चालनमा समस्या हुने कर्मचारीहरुले जनाएकाछन

टूफिक व्यवस्थापन कार्यालयका जोगिन्दर बस्नेतका अनुसार ६० हजारसम्म आम्दानी गर्ने रेलवेका आम्दानी ३० झरेको छ। नियमित चेकजांच, संचालन, टिकट काट्ने नगरेका कारण आम्दानी खुम्चिदै गएको उनले बताए। रेलमा छडके चेक भएको झण्डै ६ महिना बितिसक्दा पनि व्यवस्थापनले त्यसतर्फ ध्यान नदिएका कारण आम्दानी दिनानुदिन घट्दै गएको तर्क उनले गरे। यता, रेलमा यात्रा गर्ने अधिकांश यात्रीहरुले टिकट लिने नगरेका कारण आम्दानी हुन नसकेको भनाई टीटीहरुको छ। विद्यार्थी, सरकारी कर्मचारी, स्थानीय युवाहरु टिकट नलिई धांधली पारामा रेलको यात्रा गर्दै आएको कर्मचारीहरु बताउछन्

गुणस्तरिय शिक्षा प्रति प्रतिवद्ध

जनकपुर क्याम्पस
जनकपुर धाम

२०४८ साल देखि सामुदायिक स्तरमा संचालित यस क्षेत्रको एक मात्र रात्रि कालिन क्याम्पसमा शैक्षिक सत्र २०६८ को लागी मानविकी (Arts)शिक्षा (I.Ed.) तथा वाणिज्य (I.Com) संकाय अन्तर्गत कक्षा ११ मा भर्ना प्रारम्भ गरिएको छ। समयमै सम्पर्क गरि गुणस्तरिय शिक्षा बाट लाभान्वित होआ

कक्षा संचालन: २०६८ श्रावण तेश्रो साता देखि

नोट: दलित तथा अपाङ्ग वर्गको लागी ५०% सम्म छुटको व्यवस्था

बिशेष जानकारीको लागी
जनकपुर क्याम्पस
जनकपुरधाम
फोन नं. ०४१-५२२५१७(जानकी मा.वि.को भवनमा)
समय :- बेलुका ५:00 बजे देखि ८:३0 बजे सम्म।

MIT+ 2 को भर्ना सम्बन्धी सूचना

एस.एल.सी. परीक्षामा उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई तथा शुभकामना।

नयाँ व्यवस्थापनका साथ उप-प्राध्यापक बिनोद कुमार साह (Statistics) र मनोज कुमार साह (Account) द्वारा सञ्चालित यस मिट उच्च मा.वि. मा Computer Science/Travel & Tourism विषयका साथ विज्ञान तथा वाणिज्य संकायमा नयाँ भर्नाको लागि फारम वितरण भै रहेको छ

नोट : विज्ञान संकाय तर्फ भर्नाको लागी एस.एल.सी.मा न्यूनतम प्रथम श्रेणी र ब्यवस्थापन संकाय तर्फ द्वितीय श्रेणीमा उत्तीर्ण विद्यार्थीलाई मात्र परीक्षा आवेदन फारम उपलब्ध गराइने छ।

प्राचार्य
मनोज कुमार साह
फोन नं. ०४१-५२३०३५

S.M+2 CAMPUS

कक्षा XI मा भर्ना सम्बन्धी सूचना !

२०६७ सालको एस.एल.सी. परीक्षामा उत्तीर्ण भएका सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै कक्षा-११ मा Science, Commerce, र (Education) मा भर्नाका लागी आवेदन फारम वितरण भईरहेको सहर्ष जानकारी गराउँदछौ।चाडै सम्पर्क गर्नुहोस्।

सम्पर्क स्थान:
एस. एम. क्याम्पस
जानकी नगर-७, जनकपुरधाम(पेठिया बजार)
फोन नं. ०४१-५२२५४२

जनकपुर अञ्चलकै सबैभन्दा पुरानो नर्सिङ्ग होम द्वारा सञ्चालित

सि.टि.ई.भि.टि द्वारा मान्यता प्राप्त
केयर मेडिकल सेन्टर प्रा.लि. (नर्सिङ्ग होम) द्वारा संचालित H.A (हेल्थ असिस्टेन्ट) जेनरल मेडिसिन तथा प्रमाण पत्र तह नर्सिङ्ग (स्टाफ नर्स) मा नामांकन गराउनको लागी इच्छुक छात्र, छात्राहरुको लागी भर्ना खुल्यो।

बिशेषताहरु :
१. जनकपुरका प्रतिष्ठित विशेषज्ञहरु द्वारा अध्यापन।
२. विषय अनुसारको प्रयोगशालाको उपलब्धता।
३. इन्टरनेट सहितको कम्प्यूटर प्रयोगशाला।
४. क्लिनिकल अभ्यासको लागी आफ्नै ५० वेडको अस्पताल।
५. यस क्याम्पस बाट उत्तिर्ण भएका विद्यार्थीहरु देश तथा विदेशमा सजिलै संग MBBS. मा अध्ययन गर्न पाउने।

भर्ना कार्यक्रम
फारम भर्ने अन्तिम मिति : २०६८ श्रावण ०९ गते सम्म।
प्रवेश परीक्षा मिति : २०६८ श्रावण १४ गते बिहान ८:०० बजे देखि

सम्पर्क
केयर मेडिकल सेन्टर प्रा.लि. (नर्सिङ्ग होम) मिल्स एरिया
हेल्थ एजुकेशन ईन्स्टिच्यूट, पिडारी चौक, जनकपुर
फोन नं. ०४१-५२०२३०, ५२०४७९ मो ९८५४०२३०५०

BOSTON COLLEGE®
for Professional Studies
Estd: 1996
...where the mission is attainment of knowledge

PERMANENTLY AFFILIATED TO
Jiwaji University, Gwalior (A Govt University)
APPROVED BY
UGC, AICTE, NCTE & INC
The First College to Start BCA in India

Rush for Spot Admission in
>BBA >MBA >BCA >GNM >M.Ed.
>B.Sc. Biotechnology >M.Sc. Biotechnology
>M.Sc. Microbiology >M.Sc. Biochemistry

FEATURES
>Proficient Faculty
>Hi-tech Labs
>Scholarship upto 100%
>Great Placement
>Meditation Hall
>Boy/girl Hostels
>Sports Complex
>Gratis Hobnob
>Full-fledged Gym

>ADD ON FREE PROGRAMS
●BBA: PD+Industrial Project
●MBA: Corporate Skill Module
●BCA: Multimedia+Networking
●BSc: PD+Live Project
●MSc: Research Project



JANAKPUR CONTACT
ASIAN EDUCATION CONSULTANCY
Bhanu Chowk; Mobile: 9844027487 / 9814811777
WIDE RANGE CONSULTANCY
Station Road; Mobile: 9844022245 / 41522688

...Where most students come from
Bhutan-Nepal-Manipur
Assam-Arunachal
Sikkim-West Bengal

COLLEGE ADDRESS: Near Jiwaji University, Gwalior (MP) India
Mobiles: +91-9977700322/ 997700322/ 9685742663
Email: info@bosoncollege.in; Web: www.bostoncollege.in

अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

जनकपुर टुडे
वर्ष ११ २०६८ साउन ८ आइतबार अंक ६५

बैद्यहरू नेपाललाई चिहान बनाउँदै

-शोभाकर पराजुली

माओवादी नेताहरूले भन्ने गरेका छन् कि उनीहरू लिट्टेको नियति ब्यर्होन पनि तयार छन् । उनीहरूले नै भन्ने गरेको क्रान्ति र अग्रगमनको लागि ज्यान दिन पनि तयार छन् । सकेसम्म उनीहरू त के ज्यान देलान् र ? कार्यकर्ताहरूलाई मूर्ख बनाएर मर्न तयार पार्ने हुन । अहिले पनि उनीहरू संघीय जनगणतन्त्र, जनवाद आदि शब्दको प्रयोग गरिरहेका छन् । न ती प्रयोग गरिएका शब्द अनुसारको सोच, न संविधानसभा, न संघियता नै उनीहरूको लक्ष्य हो । माओवादीको लक्ष्य भनेको सर्बहाराको नाममा अधिनायकवाद स्थापना गरेर नेपाली जनतालाई दुःख दिने नै हो । एकछिनलाई उनीहरूको नेपाली लक्ष्य इमान्दारीसाथ सर्वहाराको अधिनायकवाद नै हो भने पनि लागु हुने वाद त्यो होइन ।

संविधानसभा जनतालाई आफूले नयाा कुरा गरेको र क्रान्तिकारी कुरा गरेको जस्तो देखाएर जनताको समर्थन लिने अनि सत्ताकब्जा गर्ने एउटा माध्यम हो । बिश्वको कुनै पनि देशमा कम्युनिष्टले संविधान सभाबाट साशन लिएको छैन । कम्युनिष्टहरूको लागि संविधानसभा रणनीति हुनसक्ने त हुन्छ नै । लक्ष्य हुन सक्दैन । संविधानसभा भन्नासाथ संविधानवादमा आधारित संविधान आउनु पर्ने हुन्छ । जनतालाई पनि चाहदैमा जे पनि छान्ने अधिकार छैन । उनीहरूलाई आफ्नो मृत्युपत्रमा हस्ताक्षर गर्ने अधिकार छैन । जनताले माओवादीलाई बहुमत नै दिएको भए पनि लोकतन्त्र र मानव अधिकारको मर्म विपरित हुने गरि संविधान बनाउने अधिकार रहादैन । संविधानसभा त माओवादीको लागि सुरक्षित अवतरणको योजना मात्र हो ।

संविधानसभाबाट जनवाद र सर्वहाराको अधिनायकवादमा पुग्न सकिदैन । यसो भए पछि यो उनीहरूको लक्ष्य होइन भन्ने प्रष्ट हुन्छ । राजसंस्था फाल्ने पनि उनीहरूको लक्ष्य होइन । किनभने राजसंस्थाले कम्युनिष्टहरूलाई जहिले पनि सहयोग नै गरेको हो । अझैक्रान्तिकारी देखिने कुरा गरेर राजसंस्था फाल्ने नारा लगाउादा लोकतन्त्रको बिपक्षमा गएर राजाले बारम्बार दुःख दिएको र कम्युनिष्ट बढाउने कार्यमा नै लागेको हुदा राजसंस्थाबाट बाक्क भएको कांग्रेसले त्यसलाई फाल्नेमा पूर्ण सहमति जनाए पछि राजसंस्था गयो । पछि राजसंस्था फाल्न हुदैन भन्ने आधार रहेन । त्यसो भनेमा माओवादीको राजनीतिक अस्तित्व नै समाप्त हुने हुादा बरु राजसंस्था आंफ्नूहरूले फालेको भन्नमा नै माओवादीले उचित ठान्यो ।

कम्युनिष्टहरूले कम्युचियामा राजसंस्थाको पुनःस्थापना गरेका छन् । बेलायत जस्ता देशमा लोकतन्त्रबादीले राजाको टाउकोको भकुण्डो खेलेका हुन् । बिश्वमा विभिन्न प्रकारका उदाहरणहरू छन् । अमेरिकाकी भिषाको लागि अन्तर्वाता दिन लागेको नेपालीले अंग्रेजी राम्रोसंग नबोलेकाले अमेरिकामा कसरी काम गर्दछौं ? तिम्रो भिसा ह्रादैन भन्ना साथ उसले तपाईले नेपालमा कसरी काम गर्नु भएको छ ? तपाईको नेपाली भन्दा मेरो अंग्रेजी राम्रो छ भनेछ । कुरैबाट प्रभावित भएर उसले भिसा पाएछ । त्यस्तै गरेर अपवादहरू र कुरा मिलाउने अवस्थाहरू कहिले काांही आउलान् । तर संघियता र संविधानसभाको लक्ष्यसंग माओवादी विमति राख्दछन् । यो तथ्यलाई हामीले बुझेका छैनौ र बुझ्नेले सबैलाई बुझाउन सकिरहेका छैनौं । माओवादीको जनहित भनेको कसैलाई ता मर्, मरिस् भने करोड रुपैयाा दिन्छु भन्दै मर्ने मानिसलाई भ्रम दिए जस्तै हो । यसबाट हामी सजग हुन आवस्यक छ । जनताको हातमा सबै अधिकार थपक्क राखिदिने भनेर सत्ता कब्जा गरेपछि बन्दुक, संपत्ति, संचार, यातायात सबै आफनो हातमा लिएपछि के को अधिकार ? त्यहाां त ब्यवस्थित सामन्तवाद र दाश युगको फ्युजन हुन पुग्दछ ।

पत्राउ गर

धनुषा जिल्लाको भटियाही गाउँ विकास समितिमा अवस्थित एउटा माध्यमिक विद्यालयको व्यवस्थापन समिति चयन सम्बन्धी शुक्रबार छलफल भइरहेको बेला नेकपा एमालेका सुनिल साहले गोली प्रहारगरि रामएकवाल मण्डलको हत्या गरे ।सत्तारुढ दल एमालेका कार्यकर्ताहरुले शान्तिसुरक्षाको भरपर्दो ब्यवस्था मिलाउन सुरक्षाकर्मीहरुलाइ सघाउनुपर्ने हो ।तर उल्टै एमालेकै कार्यकर्ताले दिनदहाडै गोलीहानी हत्या गर्न थालेकोछ ।घटना भएको २४ घण्टा भन्दा बढी बितिसक्दापनि दोषीलाइ प्रहरीले पत्राउ गर्न सकेको छैन ।घटनामा संलग्नहरुलाइ तात्काल पत्राउगरि कार्वाही गर्नुपर्नेमा ढिलाइ हुनु सत्ताको दुरुपयोग भइरहेको प्रश्न उठन थालेकोछ ।आरोपित एमाले कार्यकर्ता भएकै कारण प्रहरीले पत्राउगर्न ढिलाइ गरेको आरोप बिभिन्न दलका नेताहरुको आरोप छ ।साहलाइ पत्राउ नगर्न एमालेका नेताहरुले प्रहरलाइ दबाब दिएको आरोप लागेकोछ ।अपराधी जुनसुकै दलको भएपनि प्रहरीले उनलाइ छाडनु हुँदैन ।तात्काल दोषीलाइ पत्राउ गर्नुपर्छ ।अपराध र अपराधी लुकाउने कार्य प्रहरी प्रशासनबाट हुनु हुँदैन ।प्रहरी दलको नभै देसको हो भन्ने अनूभूती आमनागरिकलाइ गराउनुपर्छ

सम्पादकलाई चिठ्ठी

समतल गरियोस

श्री सम्पादक

जनकपुरको प्रमुख सडक मानिएको विमानस्थल जाने मार्गमा जथाभावी खसालिएको ग्राभेलले सवारी साधन आवगमनमा कठिनाइ भइरहेकोछ ।सडक बिभागले हिलो हुन नदिन खसालेको ग्राभेललाइ समतल बनाउनु पर्छ ।समतल नभए रिक्सा, मोटरसाइकल, साइकल लगायत साना सवारी साधनहरुको आवागमनमा कठिनाइ भइरहेकोछ ।तस तर्फ सम्बिन्धत निकायहरुले तात्काल ध्यान दिनु आवश्यक छ ।विमानबाट आउने यात्रुहरुलाइ नगरको खराब परिचय नदिइयोस ।

राधेराम साह
जनकपुरधाम

राहदानी हरायो

घरबाट जनकपुर बसपार्क जाने क्रममा मिति २०६८/२/१६ गते मेरो निम्न व्यहोरा भएको राहदानी बाटोमा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।
नाम : राम कुमार यादव
ठेगाना:न.पा. बालाबाखर -१, धनुषा
राहदानी नम्बर :३६३९२७९

राहदानी हरायो

घरबाट जलेश्वर बसपार्क जाने क्रममा मिति २०६८/२/११ गते मेरो निम्न व्यहोरा भएको राहदानी बाटोमा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।
नाम : राम गुलाम साह हुलवाई
ठेगाना: हरिहरपुर हरिनमरी-६, मो.
राहदानी नम्बर :२०९४६४२

MONASTIC CAMPUS
(10+2 IN Science, Commerce and Education)
नयाँ भर्ना सम्बन्धी सूचना !
२०६७ सालको एस.एल.सी. परीक्षामा उत्तीर्ण भएका सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै यस मोनाष्टिक आ.आ.उ.मा.वि. मा शैक्षिक सत्र २०६८/०६९ का लागी कक्षा-११ मा विज्ञान (Science) वाणिज्य (Commerce) र शिक्षा (Education) संङ्काय भर्नाका लागी आवेदन फारम धमाधम वितरण भईरहेको जानकारी गराउँदछौं ।
कक्षा संचालन २०६८ श्रावण ६ गते बिहिबार देखि
हाम्रो विशेषताहरू
१. छात्र/छात्र दुबैका लागि बेग्ला-बेग्लै सुव्यवस्थित छात्रावासको सुविधा भएको ।
२. त्रिविका वरिष्ठ, अनुभवि एवम् ख्यातिप्राप्त प्राध्यापकहरुबाट अध्यापन ।
३. कक्षा "शिक्षण क्रियाकलापमा" बढी केन्द्रित तथा ट्युशनको झन्झटबाट मुक्त ।
४. एउटा कक्षामा ३५ छात्रा-छात्रा भन्दा बढी नराख्ने व्यवस्था ।
५. Unit test, Class test saturday test को व्यवस्था ।
६. विशाल पुस्तकालयका साथै भौतिक सुविधासम्पन्न कक्षा कोठाहरु ।
सम्पर्क स्थान:
मोनाष्टिक आ.उ.मा.वि.
जनकपुरधाम, धनुषापथ र भानुचौक,
फोन नं. ०४१-५२२२७९ (धनुषा पथ) ०४१-५२११०७ (भानुचौक,)

प्रो. तपेश्वर पुर्वे
Salesman
Tapeshwar Purbe 9854022050
Rajendra Shah 9854021050
YAMAHA BAJAJ TVS HERO HONDA HONDA
MITHLA AUTO ENTERPRISES
नोट-यहाँ पुरानो मोटरसाईकिल लिएर न्यू दिने गरेछ । साथै फेनेन्स को पनि सुविधा छ ।
Add- Bhanu Chowk, Janakpur-1

चल्दै छ चल्दै छ चल्दै छ

आशा चलचित्र मन्दिर जनकपुर,०४१-५२०८४७

चल्दै छ चल्दै छ चल्दै छ

निलम डिजिटल सिनेमा DOLBY DIGITAL
अग्रीम टिकटको लागि सम्पर्क: ९८०४८२१८७९

चल्दै छ चल्दै छ चल्दै छ

गिरिजा चलचित्र मन्दिर जनकपुर.०४१-५२३६२३,

चल्दै छ चल्दै छ चल्दै छ


रामजानकी पिक्चर पैलेस DOLBY DIGITAL
फोन नं. ०४१-५२३३३८

तपाईको आज
पण्डित : बम जी

मेष	:समय बलियो छ
बृष	:निर्णयमा हतार नगर्नु
मिथून	:हिम्मतले काम गर्नु
र्कंकट	:निर्णयमा हतार नगर्नु
सिंह	:मनमा कौतुहलता बढ्ने
कन्या	:नयाँ सोंचको प्रशंषा
तुला	:सानो प्रयासले काम सफल
वृश्चिक	:विलासिता तिर मन जाने
धनु	:कष्टपूर्ण दिन
मकर	:नयाँ काम नथाल्नु
कूम्भ	:धन आर्जन हुने
मीन	:असल मित्र मिल्ने

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बर

☎☎जनकपुरधाम ०४१☎☎जलेश्वर ०४४

वारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	५२००९९,१००
एम्बुलेन्स(केयर)	५२०२३०,५२३८६४
एम्बुलेन्स(रेडक्रस)	१०२
एम्बुलेन्स(मेडिकल कलेज)	५२६०९०,५२६०९१
एम्बुलेन्स(हिमालय युवा क्लव)	०४१-६२०४९१
अञ्चल अस्पताल	५२००३३
केयर मेडिकल सेन्टर	५२०२३०,५२३८६४
धनुषा अस्पताल	५२५८००
रक्तसंचार(रेडक्रस)	५२०८७०
कृष्णा नर्सिङ्गहोम	५२१९१८
आँखा अस्पताल	५२०३९७

रेडियो टुडे(९१ मेगाहर्ज)	५२७४९१,५२७५९१
एम्बुलेन्स सहिद स्मृति प्रतिष्ठान	९८०४८१८४०४
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२३५४०
एयर पोर्ट	५२००४४
बिद्युत फ्युज शाखा	५२०१५१
जानकी केवुल	५२३७२८
साह केवुल	५२४७२२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
बछार प्रसुति केन्द्र	५२२४५७
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स,शिवचोक	५२००४७
एम्बुलेन्स गणेश युवा कमिटी	५२६३६०

जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी	०४४-५२०००९
एम्बुलेन्स	०४४-५२०१००
समाजविकास संस्थान	९८४४०२६८९७
बिद्युत	०४४-५२००६६
बिद्युत	०४४-५२०१६६
वारुण यन्त्र	०४४-५२००९७

रेल सेवा

जनकपुर-जयनगर
जनकपुर नगरपालिका
बिहान :६:४५,११ :३०
दिउँसो ३:२०

जयनगर-जनकपुर
बिहान ७:४५,११:३०
दिउँसो ३:३०

जनकपुरबाट विहान काठमाडौं जाने बसहरु

मकालु	विहान ६:०० बजे
अग्नि	विहान ५:५० बजे

बाबुरामलाई प्रधानमन्त्री बनाउने प्रचण्डको प्रस्ताव

टुडे समाचारदाता

काठमाण्डौ, ७ साउन । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डले पार्टी उपाध्यक्ष डा. बाबुराम भट्टराईलाई अब बन्ने सहमतीय सरकारको प्रधानमन्त्री बनाउने प्रस्ताव गरेकाछन ।पार्टी कार्यालय पेरिसडाडामा शनिबार बसेको केन्द्रिय समितिको बैठकमा कार्यबिभाजनसम्बन्धी प्रस्ताव गर्दै अध्यक्ष प्रचण्डले उपाध्यक्ष डा. भटटराईलाई भावी प्रधानमन्त्रीका रुपमा अघि सारेकाछन ।

पोलिटब्युरो सदस्य देवेन्द्र पौडेलले भने-'अध्यक्षले भटटराईलाई प्रधानमन्त्रीको उमेदवारका रुपमा प्रस्ताव गरेकाछन ।' प्रचण्डले भटटराईलाई प्रधानमन्त्रीको आधिकारिक उम्मेदवार बनाउन पस्ताव गरेको यो पहिलो पटक हो । यसअघि पटकपटक बाबुराम भटटराईलाई अघि सारे माओवादी नेतृत्वमा सहमतिय सरकार बनाउन तयार रहेको अन्य दलहरुले प्रस्ताबगर्दा पनि अध्यक्ष प्रचण्डले आफैंलाई प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गरेका थिए ।तीन उपाध्यक्ष र महासचिवर्सगको मौखिक सहमतिका आधारमा प्रचण्डले बाबुरामलाई प्रधानमन्त्रीका रुपमा अघि सारेको हो । कार्यबिभाजनसम्वन्धी प्रचण्डको प्रस्ताबमा उपाध्यक्ष डा. भटटराईलाई संसदीय बोर्ड ईञ्चार्जको जिम्मेबारी दिने र सरकारको नेतृत्व पार्टीले गर्ने अवस्थामा प्रधानमन्त्री बनाउने उल्लेख छ ।

यसैगरी अध्यक्ष प्रचण्डले अर्का उपाध्यक्ष मोहन बैद्य किरणलाई संगठन र अनुशासन विभाग तथा महासचिव रामबहादुर थापा बादललाई सैन्य विभाग प्रमुखको प्रस्ताब गरेकाछन । बैद्य यसअघि पनि संगठन र अनुशासन विभाग प्रमुखको जिम्मेबारी पाएका थिए भने सैन्य विभाग प्रमुख प्रचण्ड निकटका स्थायी समिति सदस्य वर्षमान पुन अनन्त थिए ।यस्तै अध्यक्ष प्रचण्डले उपाध्यक्ष नारायणकाजी श्रेष्ठ प्रकाशलाई संसदीय दलको उपनेतामा कायम राख्दै वर्तमान सरकारमा पार्टीको नेतृत्व गर्ने प्रस्ताव गरेकाछन । अहिले स्थायी समिति सदस्य कृष्णबहादुर महराले सरकारमा पार्टीको नेतृत्व गर्दै आएकाछन । प्रकाशको नेतृत्वमा माओवादी नेताहरुको टोली आइतबारसम्ममा सरकारमा पठाउने तयारी भइरहेको छ ।माओवादीभित्र देखिएका चारवटा समूहवीच मन्त्रालयको संख्या बाँडफाँडमा सहमति भएपनि कुन मन्त्रालय कसलाई दिने भन्ने बिषयमा अझैपनि सहमति हुन सकेको छैन ।

स्रोतका अनुसार प्रचण्ड पक्षका ४, वैद्य पक्षका ४, भटटराई पक्षका ३ र प्रकाश समूहको एक मन्त्री सरकारमा जानेछन । प्रकाश समूहबाट प्रकाशमात्र भएपनि अन्य समूहबाट ब्यक्तिको चयन हुन बाँकी छ । प्रचण्ड पक्षका निर्वाचन हारेका हालका मन्त्रीहरु खेलकुदमन्त्री हितमान तामाङ, स्वास्थ्य मन्त्री शक्ति बस्नेत र शान्तिमन्त्री बिश्वनाथ शाह फिर्ता हुने र्प भएको छ । मन्त्रिपरिषर्लाई समावेशी बनाउन महिलाको संर्या बढाइने भएको छ ।

अभियान सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम, ७ साउन । आठ युवा संगठनको संयुक्त आयोजनामा जनकपुरमा सुरु भएको युवा रोजगारी प्रबर्द्धन अभियान शनिबार सम्पन्न भएको छ । युवाहरुलाई रोजगारी सम्बन्धि जानकारी दिने उदेश्यले शुक्रबारदेखि सुरु भएको उक्त अभियान शनिबार सम्पन्न भएको छ । अभियानमा धनुषा, महोत्तरी, सिन्धुली र सर्लाहीका युवा प्रतिनिधीहरुको सहभागिता रहेको थियो । अभियानमा सहभागि युवाहरुलाई आठ युवा संगठनका केन्द्रिय प्रतिनिधीहरुले प्रशिक्षण दिएका थिए । साथै उनीहरुले सरकारले युवाहरुको सहि सदुपयोग गर्न नसक्दा मुलुक दिन प्रतिदिन पछाडी पर्दै गइरहेको टिप्पणी गरेका छन ।

एम्बुलेन्स दुर्घटनामा चार घाइते

रासस

उदयपुर ७ साउन । सिरहाको लहान बजारबाट उदयपुरको पञ्चावति गाविसस्थित नेपालटार बजारमा बिर ामी लिन जादै गरेका नेपाल रेडक्रस सोसाइटी लहानको बा.५प ७८७० नम्बरको एम्बुलेन्स शनिबार बिहान उदयपुरको भलायडाँडा- ३ आधेरी खोलामा दुर्घटना हुादा चारजना घाइते भएका छन् ।

राजश्व संकलनमा बृद्धि

टुडे समाचारदाता

जनकपुरधाम , ७ साउन । आर्थिक वर्ष २०६७/६८ मा ट्राफिक प्रहरी कार्यालय जनकपुरले पछिल्लो वर्षको अपेक्षा ५० प्रतिशत बढी राजश्व असुली गरेको छ ।

आर्थिक वर्ष २०६६/०६७ मा १० लाख ७७ हजार ३ सय २५ रुपैया र ाजश्व संकलन गरेको ट्राफिक प्रहरी कार्यालय जनकपुरले गत् आर्थिक वर्षमा १४ लाख ८१ हजार ५ सय ३० रुपैया संकलन गरेको हो ।

ट्राफिक प्रहरी कार्यालय जनकपुरले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार कारबाही भएको सबारी संख्यामा पनि वृद्धि भएको छ । आर्थिक वर्ष ०६६/६७ मा ट्राफिक नियम उल्लघंन गरिएको घटनाहरुको संख्या ११ हजार ३ सय ५५ रहदा गत् आव मा सो संख्या झण्डै २५ प्रतिशतले बृद्धि भइ १४ हजार ४३ पुगेको छ । कारबाही गरिएको सबार ी संख्यामा बृद्धि भएपनि ट्राफिक प्रहरी कार्यालय जनकपुरका प्रहरी नायब निरि क्षक कैलाश खत्रीले ट्राफिक नियम उल्लघंनका घटनाहरुमा कमी आएको दाबी गर्छन् ।

उनले भने -सबारी चेकजाच नियमित भइरहेकोले उल्लघंनका घटनाहरु बेसी पाइएको हो । यसअघि निरन्तर चेकजाच नहुदा उल्ल्घंनकर्त्ताहरु उन्मुक्ति पाउने गर ेको उनको भनाइ छ । पछिल्लो आर्थिक वर्षमा सबैभन्दा बढी मोटरसाइकल चालकहरुले ट्राफिक नियम उल्लघंन गरेको पाइएको छ । पछिल्लो एक वर्षमा ६ हजार १ सय २० जना मोटरसाइकल चालकले नियम उल्लघंन गर्दा कार बाहीमा परेर ६ लाख २७ हजार ७ सय ७० रुपैया राजश्व तिरेका छन् । त्यसै गरी २ हजार २ सय ५६ वटा बसले ट्राफिक नियमको उल्लघंन गर्दा २ लाख ५५ हजार १ सय ५० रुपैया र ाजश्व बुझाएका हुन् भने २ हजार २ सय ८२ वटा ट्रकबाट २ लाख ५४ हजार ५० रुपैया राजश्व संकलन भएको हो ।

नेपाल चालक संघ जनकपुर, धनुषाको सूचना

२०६८-०४-०६ गते का दिन यस नेपाल अटो मेकानिक्स ट्रेड युनियन द्धारा नेपाल चालक संघ अध्यक्ष श्याम सुन्दर झाको अध्यक्षतामा ११ सदस्य नयां कमिटी गठन गरिएको छ । कमिटीको मनोमानित सर्व्सहमतिबाट पारित गरिएको जानकारी गराइन्छ ।

मनोनित हुने हरुको नामावली यस प्रकारको रहेको छ :-

१) अध्यक्ष : श्री राजा राम यादव - ९८०४८१२६५६
२) उपाध्यक्ष : श्री विनोद साह - ९८४४१२७५५६
३) कोषाध्यक्ष : श्री असलम मंसूर - ९८४४०२७९३३
४) सचिव : श्री सरोज महतो - ९८०७८४४१४२
५) सहसचिव : जयराम यादव - ९८४४०३४४४०
६) सदस्य : प्रदिप राउत - ९८०७८१९५१२
७) सदस्य : अंगद साह - ९८१६८६५०२९
८) सदस्य : सुजित आले - ९८४४०२८८८५
९) सदस्य : राम वावु यादव - ९८०४८७९९६४
१०) सल्लाहकार : श्याम किशोर मण्डल - ९८४४०२६३१३
११) सल्लाहकार : सन्तोष साह - ९८४४०२७५५६

आवश्यकता

प्रथम पटक सूचना प्रकाशित मिति : २०६८/०४/०८

बिगत नौ बर्ष देखि सामाजिक सेवामा लागि परेको एक गैर सरकारी संस्था (NGO) दलित समाज उत्थान समिति नेपाल (DSWCN)को कार्यालयमा तपसिलको पदहरुमा केहि कर्मचारीहरुको आवश्यकता भएकाले इच्छुक योग्यता पुगेका स्थानिय व्यक्तिहरुले यो सूचना प्रथम पटक प्रकाशित मितिले ७(सात) दिन भित्र नागरिकता, शैक्षिक योग्यता, अनुभवको प्रमाण-पत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, बायोडाटा र हस्तलिखित निवेदन सहित आवेदन दिन आह्वान गरिएको छ ।

तपसिल

१) बिज्ञापन नं. ०१/०६८/०६९
पद : सामाजिक परिचालक (LGCDP) कार्यक्रम)
संख्या : ४ (चार)
कार्यक्षेत्र : जलेश्वर न.पा. अर्न्तगत वड नं. ८, ११, १२ र १३ मा
योग्यता : कम्तीमा १२ कक्षा उत्तिर्ण
अनुभव : सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ बर्ष काम गरेको ।
बिशेष प्राथमिकता :स्थानिय, अनुभवि, महिला, दलित, जनजाती तथा पिछिडिएको बर्ग
उमेर : कम्तीमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको
छनौट प्रकृया : लिखित र मौखिक

२. बिज्ञापन नं. ०२/०६८/०६९
पद: लेखापाल
संख्या : १ (एक)
योग्यता : B.B.S. पास
अनुभव : लेखापालकोपदमा रहि २ बर्ष काम गरेको
बिशेष प्राथमिकता : अनुभवि महिला, दलित जनजाती
छनौट प्रकृया : लिखित र मौखिक

नोट : Short Listमा परेका व्यक्तिहरुलाई मात्र लिखित परिक्षामा सामेल गराइनेछ। साथै संस्थाको अन्तिम निर्णा नै अन्तिम निर्णा य हुनेछ।

सम्पर्क ठेगाना:
दलित समाज उत्थान समिति नेपाल(DSWCN)
बिजय फर्निचरको माथिल्लो पट्टि, जलेश्वर न.पा.-५,(महोत्तरी)

नेपाल सरकार
स्थानीय बिकास मन्त्रालय
जिल्ला बिकास समितिको कार्यालय
धनुषाको
सिलवन्दी बोलपत्र आव्हान

चौथौं पटक प्रकाशित मिति २०६८।०४।८

आ.ब. ०६८।६९ को लागि ढुंगा, वालुवा, गिट्टी, ग्राभेल रोडाको बिक्री करको ठेक्का बन्दोबस्तको खुल्ला डाँक बढाबढको सूचना ।

यस कार्यालयबाट स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन (चौथौं संसोधित) नियमावली २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिल्ला विकास समिति धनुषाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, वालुवा, ग्राभेल रोडा बिक्री कर जिल्ला परिषद्बाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित तपसिल बमोजिमको खोला, नदी, नालाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोवस्त गर्नु परेकोले बोलपत्र दाताको नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर, दर्ता प्रमाण पत्र तथा २०६६।०६७ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपीहरु पेश गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट खुल्ला डाँक बढाबढको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे देखि यस कार्यालयमा खुल्ला डाँक बढाबढ हुनेछ

क्र.सं.	ठेक्काको किसिम	उठाउन पाउने परिणाम	दररेट	न्यूनतम ठेक्का अंक
१.	रातो नदी र कमला नदी बाहेक धनुषा जिल्ला भित्रको औरही से. नं. १,२,३,४,५ चारनाथ खोलाको सेक्सन नं. १,२,३,४ बडहरी खोलाको सेक्सन नं. १,२, बाट ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा र निजी जग्गा समेतको बिक्री कर	७९,१२,३४२। क्यू.वि.फिट	रु. २ प्रति क्यू.बि.फिट.	१,२०,७१,०००। (मू.अ.कर बाहेक)
२	धनुषा र सिरहा बीचको कमला नदीको सेक्सन नं. १,२,३,४ बाट ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडाको बिक्री कर	२८,२३,५२९ ।- क्यू.वि.फिट	रु. २ प्रति क्यू.बि.फिट.	४२,३५,०००।- (मू.अ.कर बाहेक)
३	धनुषा र महोत्तरी बीचको रातो नदी खोलाको सेक्सन नं. १,२ बाट ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडाको बिक्री कर	११,६४,७०६। क्यु.बि.फिट	रु. २ प्रति क्यू.बि.फिट.	१७,६५,०००। (मू.अ.कर बाहेक)

नोट :- विशेष जानकारीको लागि जि.वि.स.को सूचना पार्टीमा शर्तहरु टाँस गरिएको जानकारीको लागि अनुरोध छ। मिति २०६८।०३।१८ गते राजधानि पत्रिकामा सूचनाको शर्तहरु उल्लेख भएको बमोजिम हुनेछ ।

पब्लिक यूथ क्याम्पस को
भर्ना सम्बन्धी सूचना
उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुमा शुभकामना ।

शैक्षिक शत्र ०६८/०६९ सालको I.Sc. I.Com र I.Ed. को कक्षा-११ मा Section 'B' र 'C' मा नयाँ भर्नाको लागी उत्तिर्ण सम्पुर्ण विद्यार्थीहरुमा सूचित गरिन्छ । कक्षा सञ्चालन साउन ५ गते देखि ।

उपलब्धिहरु :
क) शिक्षा मन्त्रालय अन्तर्गतका Medical, Engineering र Management तर्फ दर्जौंनौ विद्यार्थीहरुले Scholarship पाएको
ख) विभिन्न Embassy हरुबाट Scholarship मा Doctors, Engineer र C.A का साथै अन्य पेशामा समेत प्रवेश पाएको
ग) जिल्ला र अञ्चल स्तरीय उच्चतम् स्थान पाउन सफल भएको ।

VISIT ONCE PUBLIC YOUTH CAMPUS

संस्थापक
श्री राममणि पोखेल
श्री विजय दत्त
श्री दिनेश यादव
श्री धिरेन्द्र यादव

विनोद यादव
प्रिन्सिपल
पब्लिक यूथ क्याम्पस
फोन नं. ०४१-५२३८५७,

Admission Open for 10+2
Rajarshi Janak Campus

शै.स.०६८/०६९ को लागी कक्षा 11 Science, Commerce Education, Art संकायमा नामाकंनको लागी आवेदन फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौ ।

बिषय हरु:
I.Sc. with Computer Science
I.Com with Computer & T.T.
I.Ed with Mass.Communication
I.A with R.D. & Sociology

भर्ना कार्यक्रम :
फारम वितरण : २०६८ अषाढ ७ गते देखि
प्रवेश परीक्षा : २०६८ अषाढ ३१ गते बिहान: १०:०० बजे देखी
नामांकन : २०६८ श्रावण १ गते देखी
कक्षा सञ्चालन : २०६८ श्रावण ५ गते देखि

सम्पर्क स्थान:
राजर्षि जनक क्याम्पस
जनकपुरधाम, -४,
फोन नं. ०४१-५२१८६०, ५२०१५५, ९८४४०२५०४३

खुल्यो ! खुल्यो !! खुल्यो !!!
एउटा मात्र "शिक्षा संकाय" मा जोड दिने उद्देश्यले स्थापित
गौरी क्याम्पस,जनकपुर-९
आर्थिक र शैक्षिक रुपमा मध्यम विद्यार्थीहरुका लागि अतुलनीय एयोर एजुकेशन क्याम्पस

उल्लेखनीय ४औं वर्षमा प्रवेश:
I.Ed. (XI & XII) र B. Ed. (Three-year) का कक्षाहरु अनुभवी तथा ख्याति-प्राप्त प्राध्यापकहरुको भावनात्मक सहयोग लिंदै व्यवहार-कुशल, दुरदर्शी एवम् सिंगल संस्थापक द्वारा गुणस्तरीय र व्यवस्थित रुपमा मनलोभ्याउने, सुविधायुक्त तथा नवनिर्मित शैक्षिक भवनको शान्तिपूर्ण वातावरणमा सु-सञ्चालित ।

कक्षा XI (I.Ed.) मा नयाँ भर्नाको लागि कार्यक्रम
प्रवेश फारम वितरण : अषाढ २६ गते देखि
प्रवेश परीक्षा : श्रावण १२ गते (विहान ८ बजे देखि १० बजेसम्म)
नतिजा प्रकाशन/अन्तर्वार्ता/नामांकन : श्रावण १३ गते /देखि
कक्षा सञ्चालन : श्रावण १५ गते देखि
सम्पर्क समय : बिहान ६ बजे देखि बेलुकी ६ बजे सम्म

प्रिन्सिपल : कृष्णचन्द्र यादव (K.C.Y.Sir)
गौरी स्कूल - क्याम्पस
(Nursery to 10, I.Ed. (XI&XII) and B.Ed. (Three-year)
संस्थापक : किशोरी नायक (उप-प्राध्यापक, अंग्रेजी)
जनकपुरधाम -९, बेल्ही, बंशी चौक (पिडारी चौक र ज.चु.का.लि.को बीचमा)
(ॐ शान्ति भवन भन्दा उत्तरपट्टी) फोन नं. **०४१-५२८१४३, ५२८१९३**

जि.प्र.का.ध.द.नं.९१/०५७/०५८
हु.द.नं.धनुषा ३/०६१/०६२

जनकपुर टुडे
२०६८ साउन ८ आइतबार

भ्रष्टाचार बिरोधी साइकल यात्री जनकपुरमा

टुडे समाचारदाता

जनकपुरधाम, ७ साउन । विश्व बन्धुत्वको भावन एवंम् भ्रष्टाचार विरुद्धको नारा लिएर भारतका एक बाबाले नेपाल साईकल यात्रा सुरु गरेको छ । भारत परशुरामपुर निवासी ६१ वर्षीय विलट बन्धु बाबाले विश्व बन्धुत्वको भावना तथा भ्रष्टाचार विरुद्धको नारालिएर साईकल यात्रा सुरु गरेका हुन । साइकल यात्राको क्रममा भारतको सम्पूर्ण राज्यमा यात्रा पुरा गरिसकेको जानकारी दिदैं नेपालको मेचिदेखि महाकालि साईकल यात्रा सुरु बाबाले जानकारी दिएका छन ।

बाबाले यो भन्दा अगाडी नै तीन पटक नेपाल साईकल यात्रा गरिसकेका छन । उनले मानिसहरुमा विश्व बन्धुत्वको भावना नजागे सम्म तथा भ्रष्टाचारको भावना अन्त्य नभएसम्म आफुले साईकल यात्रा गरिरहने प्रतिबद्धता जनाएका छन । नेपालको पूर्व मेचिदेखि सुरु गरेका साईकल यात्रा शनिबार जनकपुर आइपुगेका छन ।

बालिकाको मृत्यु

टुडे समाचारदाता

गौर, ७ साउन ।रौतहटमा सर्पको टोकाईबाट एक वालिकाको मृत्यु भएको छ । जिल्लाको गाविस हथिहायी वडा नम्वर ६ जमुनिया टोल वस्ने शेख सराजुल मिया मन्सुरीको दश वर्षिय छोरी नसिमा खातुनको गए राति घरमा सुतिरहेको वेला सर्पले टेक्दा उपचारका लागि गौर अस्पताल लाने क्रममा वाटोमा नै मुत्यु भएको परिवारजनले वताएका छन ।

अपहरित कर्मचारी मुक्त, एक पक्राउ

कमलेश मण्डल

जलेश्वर, ७ साउन ।सशस्त्र प्रहरीले शनिबार तिन जना वन कर्मचारीलाई रामनगरको सोनी खोलाबाट अपहरण मुक्त गराएका छन ।

माईस्थान रेञ्जपोष्टबाट अपहरित वन कर्मचारीहरु सलार्ही जब्दीका शम्भु पौडेल , महोत्तरी हात्तिलेट (७ का मन माया योञ्जन र माईस्थान (३ का पदम वल्मपाकीलाई वनतस्करहरुबाट सशस्त्र प्रहरीले अपहरणमुक्त गराएको सिमासशस्त्र प्रहरी वल जलेश्वरका प्रहरी उपरीक्षक जनकबहादुर वोहराले वताउनु भयो । सिमा सशस्त्र प्रहरीवल छिन्नमस्तागण वर्दिवास , सुरक्षा वेश क्याम्प रामनगर ,र वेश क्याम्प पशुपतीनगरबाट खटिएको सशस्त्र प्रहरीको गस्ती टोलीले सोनीखोला हातखुट्टा बाधिएको अवस्थामा अपहरित वन कर्मचारीहरुलाई फेला पारेको हो ।

प्रहरीले सो ठाउबाट ४ वटा गोरु , सालका केहि थान गोलिया समेत वरामद गरेको छ ।

१०/१५ जनाको संख्यामा आएका वन तस्करहरुले गएराती(शुक्रबार)रात माईस्थान रेञ्जपोष्टमा कार्यरत रहेको वन कर्मचारीहरुलाई अपहरण गरि लगेका थिए । वन तस्करहरुले तस्करी गरि लग्दै गरेको दुई थान टायरगाडा, दुई जोड गोरु र सालका काठ पक्राउ गरि सशस्त्र प्रहरीले माईस्थान रेञ्जपोष्टमा कारवाहिको लागी वुझाएपछ आक्रोशित वन तस्करहरुले पक्राउ परेका सामग्रीहरु सहित वन कर्मचारीहरुलाई अपहरण गरी लगेका थिए । अपहरीत कर्मचारीहरुको खोजविनका लागि सशस्त्र प्रहरी छिन्नमस्ता गणका प्रहरी निरिक्षक दिवाकर राउतको कमाण्ड ४४ जना , पशुपति नगर वेशक्याम्पका प्रहरी निरीक्षक नरेश भण्डारीको कमाण्डमा २० जना र रामनगर सुरक्षा वेशक्याम्पका प्रहरी निरीक्षक मोहन जङ कार्कीको कमाण्डमा ३० जना सशस्त्र प्रहरी परिचालन गरी रामनगर जंगल घेराउ गर्दा वनतस्करहरुले कर्मचारीहरुलाई खोलामा छाडी भागेका थिए ।

तस्करहरु भने पक्राउ परेका दुबै टायर गाडा र काठ लिई फरार भएको जनाइएको छ । यसैबीच घटनामा संलग्न रहेको आंशकामा गौशालाका नविन साह सहित ना१२प ५८९३ नं. र ज१प९९६४ नं.को मोटरसाईकल पक्राउ गरिएको सशस्त्र प्रहरीवल छिन्नमस्ता गणका प्रहरी उपरीक्षक चित्रवहादुर केसिले वताउनु हुदै घटनामा संलग्न अन्यको खोजि जारि रहेको वताए ।

सागरनाथ वनविकास परियोजनाको जंगलबाट रुख कटान गरि तस्करहरुले भारत तर्फ लगि रहेको अवस्थामा दुई टायर भिक्स , साखुको काठ , चार वटा गोरु रामनगर सुरक्षा वेशक्याम्पका प्रहरी नायव निरीक्षक झलक वहादुर गुरुङको कमाण्डमा खटि गएको गस्ती टोली शुक्रबार विहान पक्राउ गरी माईस्थान रेञ्ज पोष्टमा वुझाएका थिए ।

आवश्यकता

आसमान नेपाल जनकपुर र गरीबी निवारण कोष बीच भएको सम्झौता अनुसार धनुषा र सर्लाही जिल्लाका विभिन्न गा.वि.स. हरुमा संचालन हुने गरीबी निवारण परि योजनाको लागि देहायका पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित दरखास्त आव्हान गरिन्छ ।

[redacted]	[redacted]	[redacted]	[redacted]	[redacted]
१	सुपरभाईजर/एकाउण्टेन्ट	२	व्यवस्थापन विषयमा + 2 उत्तीर्ण वा सो सरह ।	सम्वन्धित क्षेत्रमा २ वर्षको कार्य अनुभव तथा कम्प्युटर सम्वन्धि आधारभूत सीप भएको ।

नोट :

१) आवेदकले निवेदनसंग आरुनो बायोडाटा, २ प्रति पासपोर्ट साईजको फोटो, नेपाली नागरिकता, शैक्षिक योग्यता प्रमाणा-पत्र तथा अनुभव प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
२) निवेदकले कार्य गर्ने ईच्छाएको जिल्ला निवेदनमा उल्लेख गर्नुपर्ने छ ।
३) प्रारम्भिक छनौट (Short List) मा परेका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षा र अर्न्तवार्तांको लागि बोलाईने छ ।
४) दलित, महिला तथा अपाङ्गलाई विशेष प्राथमिकता दिईनेछ ।

दरखास्त दिने स्थान:
आसमान नेपाल जनकपुरको कार्यालय
भानुचौक, जनकपुरधाम (मिल्स एरिया जाने बाटोमा)

आवश्यकता

महेन्द्रा एण्ड महेन्द्रा कम्पनी को लागी तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले तलको ठेगानामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

तपसिल

पद : सेल्स मैन
संख्या : केही
कामगर्ने क्षेत्र : धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली
बिशेष ग्राहयता : आफ्नो मोटरसाइकल हुने र अनुभवी लाई विशेष ग्राहयता

सम्पर्क:
श्री कृष्ण डिष्ट्रिब्यूटर्स
मिल्सएरिया,जनकपुरधाम -१
फोन नं. ०४१-५२१६०९,९७४४०१७३२४,९८५४०२३३०७

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

जनकपुर अञ्चल भरि मै सर्वाधिक ख्याति प्राप्त

Mahendra Institute of Medical Sciences
Janakpurdham
PCL (Diploma) -3 years Course

ल्याव टेक्नीसियन
(CMLT)
Affiliated to CTEVT

क. अग्रेजी, विज्ञान र गणित विषय लिई एस.एल.सी.परीक्षा उतीर्ण भएको।
ख. ल्याव असिस्टेन्ट कम्तिमा ६८.३३ प्रतिशत अंक ल्याई उतीर्ण भएको।

फरम भर्ने अन्तिम मिति :- श्रावण ७ गते सम्म ।
प्रवेश परिक्षा हुने मिति :- छात्रवृति तर्फ श्रावण १३ गते ३ बजे
पुर्ण शुल्कीय तर्फ श्रावण १४ गते विहान ८ बजे ।

महेन्द्र ईन्ष्टिच्यूट अफ मेडिकल साईन्सेज् (मिम्स),
जनकपुरधाम पगलाबाबा धर्मशालाको दक्षिण, जानकी नगर
मो नं.:- ९८४४०२८११५, ९८४४०२६०६५

Catch your dreamful destination with us....

भर्ना सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद बाट सम्बन्धन प्राप्त

डिप्लोमा इन
सिभिल इन्जिनियरीङ्ग - ३ बर्षे

डिप्लोमा इन
इलेक्ट्रिकल इन्जिनियरीङ्ग - ३ बर्षे

इलेक्ट्रिकल सब ओभरसियर - १.३ बर्षे

सर्वे इन्जिनियरीङ्ग (अमिन) - १.३ बर्षे

पि.सि.एल. हेल्थ ल्याब -३ बर्षे

पि.सि.एल. स्टाफ नर्स -३ बर्षे

योग्यता : SLC उतिर्ण
फारम भर्ने अन्तिम मिति : २०६८/४/९ गते

नेपाल टेक्निकल इन्स्टिच्यूट
सेन्ट्रल इन्जिनियरीङ्ग कलेज
रामानन्द चौक, जनकपुर-८, फोन: ०४१-५२७३३६, ५२७६४६
www.cecjanakpur.com

जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टरद्वारा संचालित बरिष्ठ डाक्टरद्वारा शिक्षण गराउने जनकपुरको एक मात्र

H.A. College (NHRDA)
आफ्नो सिट बेलैमा सुरक्षित राखि आफ्नो भविष्य बनाउ

विशेषताहरु :
- Audio, Visual (Multi media) द्वारा अध्यापन गराइने ।
- Qualified Doctors द्वारा अध्यापन गराइने ।
- आधनिक ल्याव ।
- Internet सुविधा ।
- Free Health Check up Every month
- 100 सैंयाको अस्पतालको राम्रो व्यवस्था ।
- 2nd Year बाट नै अस्पतालमा Practice गराइने ।
- 100% पुस्तकहरु कलेजबाट उपलब्ध गराइनेछ ।
- CTEVT वाहेक कलेजबाट जेहेन्दार विद्यार्थीका लागी बिशेष छात्रवृत्तीको व्यवस्था ।

फारम भर्ने अन्तिम मिति २०६८/०४/०९ गतेसम्म

छात्रवृत्ति तर्फ :- २०६८/०४/१३ गते बेलुका ३ बजे
प्रवेश परीक्षा प्रिन्सिपल डा.सुरेन्द्र कुमार यादव
पूर्ण शुल्क तर्फ :- २०६८/०४/१४ गते बिहान ८ बजे

नेशनल ह्यूमन रिसोर्स डेभलपमेन्ट एकेडमी प्रा.लि.
जनकपुरधाम, बारहविघा देखि पश्चिम, रामानन्दचौक जाने रोड
फोन नं. ०४१-५२८०४२,मो.९८०४८२२०१९(संजिव),९८४४११५३९४(सचिन)

राष्ट्रियस्तरमा ख्यातिं प्राप्त गरी सकेको **मोडेल मल्टीपल कलेजद्वारा संचालित** मोडेल मेडिकल इन्ष्टिच्यूट को

भर्ना सम्बन्धि सूचना

विगतका बर्षहरुमा सफलता पूर्वक संचालन भैरहेको सामान्य चिकित्सा (H.A) र ल्याव टेक्निसियन (CMLT) प्रोग्रामको लागि शैक्षिक सत्र २०६८/०६९ को प्रवेश परिक्षाको फारम वितरण भैरहेकोले सम्पूर्ण विद्यार्थी तथा अविभावकहरुमा जानकारी गराउदैछौं ।

भर्ना कार्यक्रम

फारम वितरण : २०६८ अषाढ १२ गते देखि
फारम भर्ने अन्तिम मिति : २०६८ श्रावण १० गते
सर्म्पक मिति : २०६८ श्रावण ११ गते
प्रवेश परीक्षा : २०६८ श्रावण १४ गते

विशेषताहरु :
- पूर्ण अनुशासित वातावरणमा अनुभवि प्राध्यापकहरुद्वारा अध्यापन गराइन्छ।
- यस क्षेत्रमै सबै भन्दा ठुलो र आधुनिक ल्याब (प्रयोगशाला) रहेको ।
- कक्षा सञ्चालनको लागी इन्ष्टिच्यूटको आफ्नो निजि भवन भएको ।
- सि.टी.ई.भि.टी.को मापदण्ड अनुरुप कक्षा कोठाको व्यवस्था भएको ।
- हाई पावरको जेनेरेटरको व्यवस्था भएको ।

विशेष जानकारीको लागी :
मोडेल मेडिकल इन्ष्टिच्यूट
जनकपुर-४(गोपाल धर्मशाला देखि पूर्व) फोन नं.०४१-५२३६६६, ५२०६६२

खुल्यो ! खुल्यो !! खुल्यो !!!

मिथिला टेक्निकल एकेडमी प्रा.लि.द्वारा संचालित

३ बर्षे हेल्थ असिस्टेन्ट (H.A) पढ्नकोलागी सुवर्ण अवसर

M.T.A का विशेषताहरु :-
- दक्ष डाक्टरहरु द्वारा अध्यापन गराउने ।
- संस्थाको आफ्नै ५० बेडको मिथिला अस्पताल
- आधुनिक प्रयोगशालाको व्यवस्था ।
- इमेल इन्टरनेट र जेनरेटरको सुविधा ।
- सम्पूर्ण विद्यार्थीहरुलाई एक शैक्षिक सत्रको लागी शत प्रतिशत पुस्तकको व्यवस्था।
- Job Placement को लागी Concelling गर्ने छ ।
- Audio र Visual Class को व्यवस्था ।

आवश्यक जानकारी :-
- शैक्षिक योग्यता S.L.C. उत्तीर्ण तथा मौका परीक्षामा सम्मलित र C.M.A मा ६८.३३ % अंक ल्याई उत्तीर्ण गरेको ।

फराम बुझाउने अन्तिम मिति : २०६८ श्रावण ९ गते सोमवार सम्म
प्रवेश परीक्षा हुने मिति :
छात्रवृत्ति तर्फ : २०६८श्रावण १३ गते शुक्रवार दिउँसो ३ बजे
पूर्ण शुल्कीय तर्फ : २०६८ श्रावण १४ गते शनिवार विहान ८ बजे
सम्पर्क समय : बिहान ७:०० बजे देखि साँझ ६:०० बजे सम्म ।

MTA
Mithila Technical Academy Pvt.Ltd.
janakpur–4, Mahabir chowk
Tel:/Fax -041-526189 Mob.9844098111, 9844020888, 9724157762

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!

वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डेन्टल टेक्नोलोजी

जनकपुरधाम (पगलाबाबा धर्मशालाको दक्षिण पट्टी)

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (C. T. E. V. T.) द्वारा मान्यता प्राप्त हेल्थ असिष्टेन्ट (H. A.) सामान्य चिकित्सा अधिराज्य भरिमै प्रत्येक बर्ष सर्वोत्कृष्ट नतिजा ल्याई सफलताको आठौं बर्षमा प्रवेश साथै M. B. B. S.पढनको लागि अञ्चल भरीमै T. U.बाट मान्यता प्राप्त एक मात्र संस्था

शैक्षिक सत्र २०६८।२०६९ मा हेल्थ असिष्टेन्ट (H.A.) मा भर्नाको लागि कार्यक्रम

(१)फारम वितरण मिति: २०६८ साल अषाढ १५ गते बुधवार देखि । **(२) फारम बुझाउने अन्तिम मिति** :-२०६८ साल श्रावण ९ गते सोमवारसम्म
(३) फारम पाईने र बुझाउने स्थान:- संस्थाको प्रशासन शाखा । **(४) फारम पाईने र बुझाउने समय**:-विहान ७ बजे देखि दिउसो ५ बजेसम्म ।
(५) प्रवेश परीक्षा हुने मिति:-
(क) छात्रबृत्ति तर्फ २०६८ श्रावण १३ गते शुक्रवार दिउसो ३ बजे । **(ख) पूर्ण शुल्कीय तर्फ** :-२०६८ श्रावण १४ गते शनिवार विहान ८ बजे । (ग) परीक्षा अवधि २ घण्टा १५ मिनेट मात्र ।
(६) प्रवेश परीक्षाको किसिम :- अंग्रेजी, गणित र विज्ञान बिषयको क्रमश: ३०,३५ र ३५ वटा गरी जम्मा १०० वटा प्रश्न रहेको बस्तुगत (Objective) प्रणालीको लिखित परीक्षा हुने छ ।
(७) आवश्यक न्यूनतम योग्यता र आवेदन फारम साथ पेश गर्नु पर्ने कागजातहरु :-
(क) एस.एल.सी.को लब्धांक पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।(ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

निर्देशक:
प्रा.डा.रामस्वार्थ राय
फोन नं. ०४१-५२१८१०

प्रिन्सिपल
डा. महेश्वर राय यादव (MD)
फोन नं. ०४१-५२६३६६

जनकपुर टुडे प्रकाशन समुहका लागि श्रीमती रेनु चौधरी(सिंघानिया)द्वारा प्रकाशित तथा श्रीराम अफसेट प्रेस जनकपुरमा मूद्रित
कार्यालयः मिल्सएरिया,जनकपुरधाम, फोन ५२३८६७ e-mail: jtoday91@gmail.com, WWW.janakpurtoday.com.np सम्पादकःबृजकुमार यादव